स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः १०, भाद्र २९ गते, २०८१ साल**


**भाग-२**

**सरुमारानी गाउँपालिका**

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यकम कार्यबिधि २०८१

स्वीकृत मितिः २०८१।०५।२९

प्रमाणिकरण मितिः२०८१।०५।२९

**प्रस्तावनाः**

जनस्वास्थ्य नीति, २०७६ ले नेपालीको स्वास्थ्य स्तर उकास्ने मूल उदेश्य हासिल गर्न समूदाय स्तरदेखि केन्द्रीय स्तर सम्म स्वास्थ्य संरचनाको विकास गरेको छ। अधिकांश नेपालीहरु ग्रामीण क्षेत्रमा बसोवास गर्ने भएकाले बहूसंख्यक जनताको पहुचं स्वास्थ्य सेवामा पूऱ्याउन स्वास्थ्य संरचना पनि ग्रामिणमूखि बनाइएको छ ।

स्वास्थ्य क्षेत्रको हालका समग्र प्रयास सहश्राब्दी विकास लक्ष्य हासिल गर्न तर्फ उन्मुख छन् । स्थानीय स्वास्थ्य क्षेत्र सुधार कार्यान्वयन योजनाले संगठित र सुव्यवस्थित स्वास्थ्य क्षेत्रबाट उपलब्ध गराइने अत्यावश्यक स्वास्थ्य सेवामा उपयोगिता बृद्धि गरी गाउँपालिकाको जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने प्रतिवद्धता पुरा गर्नको निम्ती यो कार्यबिधि ल्याएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

१· संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नामः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम कार्यविधि, २०८१ रहेकोछ ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यक्रम" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्झनु पर्दछ ।

ख) "आमा समूह" भन्नाले स्वास्थ्य आमा समुहलाई सम्झनु पर्दछ।

ग) "गाउँ पालिका" भन्नाले सरूमारानी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले सरूमारानी गाउँपालिकामा रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र वा सामुदायिक स्वास्थ्य इकाई सम्झनु पर्दछ ।

ङ)"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका" भन्नाले स्थानिय स्तरमा स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएका, निश्चित अवधिसम्म स्वयंसेवा गर्न तत्पर भएका तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम अनूसार आधारभुत तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्‍याउने स्वयंसेवी महिलालाई जनाउँछ ।

## परिच्छेद-२

३. कार्यक्रमको उदेश्यः

१) स्वास्थ्य सम्वन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानीय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरुलाई सक्रिय बनाउने ।

२) स्वास्थ्य कार्यक्रमहरुलाई समुदायसम्म पुर्‍याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरु तयार गर्ने ।

३) समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाहरु प्रदान गर्न स्वयंसेवीहरु तयार गर्ने ।

४) सामुदायिक स्वास्थ्यको विकासमा समूदायको सहभागिता अभिवृद्धि गर्ने ।

५) स्थानीय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा बिकास गर्ने ।

६) उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

## परिच्छेद - ३

४. महिला सामुदायिक स्वास्थ्य स्वमंसेविकाको छनौट र सञ्चालन सम्बन्धी व्यवस्था

स्वास्थ्य आमा समूह

१) समूदायको सहभागितामा स्थानीय स्वास्थ्य संस्था र स्थानीय निकायले हरेक वडामा सम्वन्धित वडामा बसोवास गर्ने प्रजनन् उमेरका इच्छुक सबै महिलाहरु समावेश गरी स्वास्थ्य आमा समुहको गठन गर्नेछन् ।

२) स्वास्थ्य आमा समुहमा कम्तीमा २१ जना सदस्य हूने छन् । दलित, उत्पीडित र पिछडिएको समुदायका इच्छुक महिलाहरुलाई स्वास्थ्य आमा समुहमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।

३) एउटा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको एउटा स्वास्थ्य आमा समुह हुनेछ ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट ।

स्वास्थ्य आमा समुहको बैठकले आपसी सहमतिको आधारमा वा सो सम्भव नभएमा आमा समुहको बैठकको निर्णय अनुसार सूचना प्रक्रियाद्वारा निम्न आधार भित्र रही आफु मध्येबाट स्वास्थ्य संस्थाको सहजिकरणमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गरी सो को जानकारी स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय निकायमा दिने छन् ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौटका आधारहरुः

१) स्थानीय वडाको आमा समूहको कार्यक्षेत्र अन्तर्गत टोलको स्थायी बसोवास भएको बासिन्दा ।

२) कम्तिमा ५ वर्षसम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भइ काम गर्न इच्छुक ।

३) उमेर २० वर्ष पुरा भई ४५ वर्ष नकाटेको ।

४) विवाहित महिला (विवाहित बच्चा भएकी आमालाई प्राथमिकता दिने) ।

५) सामाजिक सेवाको भावना भएको ।

६) कम्तिमा एस.ई.ई./एस.एल.सि.उर्तिण (बाह्र कक्षा पासलाई ग्राहयता) ।

७) दलित, जनजाती, पिछडिएको वर्गका महिलालाई प्राथमिकता दिने ।

८) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हुन ईच्छुक र योग्यता पूगेका महिलाले लिखित निवेदन अनुसची-२ अनूसार सम्बन्धित स्वास्थ्य आमा समुहमा पेश गनूपर्ने छ ।

तर, कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारीले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाईने छैन ।

५.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्याः

१. साविकको गा.वि.स. अन्तर्गत रहेका साविकको वडामा १ जना रहने गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रहने छन । हाल निर्धारित सरूमारानी गाउँपालिकामा रहेका कुल महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको जम्मा संख्या ३४ जना रहने छ ।

६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको तालिम तथा क्षमता अभिवृद्धि

१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको स्थान कूनै कारणले रिक्त भएमा नयाँ छनौट भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई निर्धारित पाठ्यक्रम अनुसार आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

२) नयाँ कार्यक्रमहरुमा आवश्यकता अनूसार सम्वन्धित कार्यक्रमको तालिम, पूनर्ताजगी तालिम वा अनूशिक्षण गोष्ठीहरु संचालन गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरिने छ ।

७. स्वास्थ्य आमा समूहको भूमिका

१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौटका आधारहरुको परिधि भित्र रहि रिक्त रहेको अवस्थामा आपसी सहमति वा सहमति हुन नसकेको अवस्थामा आवश्यक प्रक्रिया पूरा गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गर्ने ।

२) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भुमिका निर्वाह गर्न अनिच्छूक भइ राजिनामा गरेमा, कुनै पनि वैतनिक पदमा बहाली भएमा, जनप्रतिनिधि चयन भइ बहाल रहेमा, शारीरिक असक्तताका कारण असमर्थ भएमा, अन्यत्र बसाई सरी गएमा वा उमेरको हद वा अन्य व्यक्तिगत कारणले निस्कृय भएको अवस्थामा निजको बिदाई गरि सोहि स्थानमा सम्वन्धित स्वास्थ्य आमा समुहले नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट गर्ने ।

३) स्वास्थ्य आमा समुहको बैठक सामान्यतया मासिक रुपमा नियमित बस्ने छ । यो बैठक बस्ने मिति स्वास्थ्य आमा समुहको छलफलबाट तय गर्नु पर्नेछ । साधारणतया गाउँघर क्लिनिक संचालन भएको दिन अगावै गर्नु उपर्युक्त हूनेछ ।

४) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आधारभूत तथा पुनर्ताजगी तालिम र समीक्षा गोष्ठीहरुमा सिकेका स्वास्थ्य सम्वन्धी जानकारीहरु स्वास्थ्य आमा समुहको बैठकमा राखी छलफल गर्नुपदछ । स्वास्थ्य

आमा समुहका सदस्यहरुले स्वास्थ्य सम्वन्धी तथा अन्य प्राप्त जानकारी समूदायका महिला तथा पूरुषहरु सम्म पुऱ्याउनु पर्दछ ।

५) स्वास्थ्य आमा समुहको मासिक बैठक बोलाउने तथा बैठकका छलफलका विषय बस्तु निर्धारण गर्ने काम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको हुनेछ ।

६) स्वास्थ्य आमा समुहको बैठकमा आवश्यकता अनुसार गाउँपालिकामा निर्वाचित महिला प्रतिनिधि, शिक्षिका तथा गैरसरकारी संस्थामा कार्यरत श्रोत व्यक्तिलाई आमन्त्रण गरी उनीहरुबाट प्राप्त ज्ञान र सीपबारे अन्य आमाहरुसम्म पुऱ्याउने प्रयास गर्नुपर्दछ ।

७) स्वास्थ्य आमा समूहको बैठकले वर्षमा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको समीक्षा गरी स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्नेछ ।

८) स्वास्थ्य आमा समुहका कृयाशिल महिलाहरुलाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषबाट ऋण सापटी लिने सूविधा उपलब्ध गराइने छ । यसको शर्त तथा आधार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले तोके बमोजिम हुनेछ ।

९) कार्य अवधिः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ६० वर्षको उमेरसम्म मात्र काम गर्न सक्नेछन।

८. महिला स्वास्थ्य स्वयं सेविकाको भूमिकाः

१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका मुलतः आफ्नो वडा/टोलमा बसोबास गर्ने आमा बालबालिका तथा किशोरीको स्वास्थ्य प्रवर्दन गर्ने कार्यहरुमा केन्द्रित रहने छ । स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समूदायमा स्वास्थ्य सम्वन्धी सचेतना अभिवृद्धी गर्ने तथा स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने सहयोगी कृयाकलाप गर्नेछन् ।

२) स्वयंसेविकाहरुले परिवार नियोजन, सूरक्षित मातृत्व, नवशिशू स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा रोग तथा महामारी रोग नियन्त्रण, श्वास-प्रश्वास, झाडापखाला रोकथाम तथा नियन्त्रण, वातावरणीय सरसफाई, स्वास्थ्य शिक्षा लगायत अन्य राष्ट्रिय कार्यक्रमहरुमा सहयोगीको भुमिका निर्वाह गर्नेछन् ।

३) नेपाल सरकार/प्रदेश सरकार र स्थानिय सरकारले निर्देशित गरेका समूदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले तोकिय बमोजिमका निर्धारित औषधी वितरण तथा रोगको व्यवस्थापन पनि गर्न सक्ने छन् ।

४) अन्य क्षेत्रमा स्वास्थ्य स्वयंसेविकाले निर्वाह गनूर्पर्ने भुमिकाको दायरा संवन्धित कार्यक्रम निर्देशिकाहरुद्वारा परिभाषित गरे अनुरुप हुनेछ । तर यसको लागि सरूमारानी गाउँपालिकाको समन्वय र सहमती अनिवार्य रहने छ ।

५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आफुले वर्षभरि गरेको कार्यको प्रगति विवरण आफ्नो स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्नेछ ।

६) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आफुले गरेको कृयाकलापहरुको प्रतिवेदन मासिक रूपमा तोकिएको दिनमा सम्बन्धित स्वास्थ्य संस्थामा स्वयम् उपस्थित भई अनिवार्य बुझाउनु पर्नेछ ।

७) प्रत्येक पॉच वर्षमा स्वास्थ्य आमा समूहले महिला स्वास्थ्य स्वयंसेविकालाई अर्को समयावधिको लागि कार्य प्रगतिको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाको रोहवर एवं सिफारिसमा म्याद थप गरि पूनः छान्न सक्नेछन वा कार्य प्रगति सन्तोषजनक नभएको अवस्थामा अर्को ब्यवस्था समेत गर्न सक्नेछन ।

८) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नपूर्ने आचार संहिता अनूसुची–१ अनुसारको हुनेछ ।

**९. विदाइः**

क) स्वास्थ्य आमा समूहको सिफारीसमा स्वास्थ्य स्वयंसेविका भई सन्तोषजनक ढंगबाट कम्तिमा १० बर्षसम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भइ काम गरेका र ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई कदरपत्र तथा तोकिए बमोजिमको एकमुष्ठ आर्थिक सहयोग सहित स-सम्मान विदाई गरिने छ ।

ख) स्वास्थ्य स्वयंसेविकाको भुमिकाबाट अलग भएपछि पनि उनीहरुलाई स्वास्थ्य आमा समुहको सम्मानीत सदस्यको रुपमा कृयाशील रहन उत्प्रेरित गरिने छ ।

ग) सेवा अवधि पुरा गरी विदाइ भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई उनीहरुले कार्यरत रहँदा पाएको निःशुल्क स्वास्थ्य सेवाको सुविधालाई निरन्तरता दिने प्रयास गरिने छ ।

## १०. संरचना

क) सरूमारानी गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी (पब्लिक हेल्थ नर्स) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको पालिका स्तरमा सम्पर्क व्यक्ति हुनेछ ।

ख) गाउँपालिका स्तरमा संचालित स्वास्थ्यका कार्यक्रमहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्ने तथा उनीहरुको कामको अनुगमन गर्ने जिम्मेवारी स्थानीय स्वास्थ्य संस्था प्रमुखको हुनेछ । स्वास्थ्य संस्थाका फिल्डमा काम गर्ने स्वास्थ्य कार्यकर्ता (अ.हे.व./अ.न.मी.) ले स्वास्थ्य स्वयंसेविकाको सम्पर्क व्यक्तिको रुपमा काम गर्नेछन् ।

ग) फिल्डमा काम गर्ने स्वास्थ्य कार्यकर्ता वा सम्पर्क व्यक्तिले स्वास्थ्य आमा समुहको गठन गर्न सहयोग गर्ने तथा स्वास्थ्य आमा समूहलाई क्रियाशिल तुल्याउनुका साथै अभिमुखीकरण र अन्य आवश्यक सहयोग गर्ने काम गर्नेछन् ।

घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम कार्यबिधि, २०८१ कार्यान्वयनको सम्बन्धमा आवश्यकता अनुसार स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेश र स्वास्थ्य कार्यालय प्यूठान देखी लगायत सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

## ११. कार्यक्रमको योजना तथा अनुगमनः

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्वन्धी कृयाकलापहरुको समीक्षा गर्न तथा भावी योजना तर्जूमा गर्न प्रत्येक स्वास्थ्य संस्थामा वजेटको परिधि भित्र रहि ६/६ महिनामा (संभव भएसम्म कार्तिक र बैशाख महिनामा) प्रत्येक पटक बढिमा २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा वैठक सञ्चालन गरिने छ।

ख) समीक्षा वैठकमा सरूमारानी गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य स्वयंसेविकाहरु र अ.हे.व./अ.न.मी. ले (फिल्डका काम गर्ने) भाग लिनेछन । गाउँपालिकाको वडा अन्तर्गतका संम्पूर्ण स्वास्थ्य संस्था प्रमूखले समीक्षा वैठक सञ्चालन गर्नुपर्ने छ ।

ग) समीक्षा वैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने र स्वास्थ्य स्वयंसेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, सेवा रजिष्टरको

पुनरावलोकन गर्ने स्वास्थ्य सम्बन्धि तथ्यांक संकलन गरी (जस्तैः मातृ तथा नवशिशु मृत्यु, परिवार नियोजन सेवा पाइरहेका दम्पती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपुर्ति गरिने छ ।

घ) समिक्षा बैठकमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वचत कोषको अभिबृद्धि तथा परिचालन बारेमा पनि छलफल गरि वचत कोषलाई व्यवस्थित गर्नुपर्ने छ ।

ङ) समिक्षा बैठकमा स्वास्थ्य संस्था प्रमूखले गाउँपालिका सम्वन्धित वडाका प्रमुख वा निजका प्रतिनिधि सदस्य तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई समेत आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछन् ।

## १२. उत्प्रेरणा

समूदायमा आधारित स्वास्थ्य कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरीत गरी सक्रीय राख्ने उद्धेश्यले निम्न कार्यहरु गरिने छन्ः

क) **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषः** वडा स्तरमा स्थापित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषलाई क्रियाशील बनाइने छ । महिला सामुदायिक स्वास्थ्यस्वयंसेविका कोष संचालन निर्देशिकाले व्यवस्था गरे अनुसार कोषको प्रभावकारी संचालनका लागि पालिकास्तर तथा समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र कोष परिचालनको अनुगमन कार्यलाई नियमित गरिने छ ।

ख) हरेक वर्ष मनाइदै आएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस ५ डिसेम्वरलाई निरन्तरता दिइने छ ।

ग) प्रशंसनीय रुपमा कार्य गर्ने स्वास्थ्य स्वयंसेविकालाई स्थानिय निकायसंग समन्वय गरि प्रोत्साहन स्वरुप प्रशंसा पत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने कार्यमा जोड दिईनेछ ।

घ) स्वास्थ्य स्वयंसेविकाको परिचयको लागि बनाइएको चिन्ह, बोर्ड, परिचयपत्र, क्रम संख्या, पोशाकको ब्यवस्थापन राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिईने छ ।

**<u>१३.सूविधाहरु</u>**

स्वास्थ्य कार्यक्रमहरुमा स्वास्थ्य स्वयंसेविकाहरुको सहभागिता वृद्धि गर्न निम्न सूविधाहरुको व्यवस्था गरिने छ ।

क) तालिम तथा समिक्षा बैठकहरूमा भाग लिदा नियमानुसारको यातायात खर्च रकम उपलब्ध गराउन सकिनेछ ।

ख) स्थानीय सरकारको तर्फबाट परिचय पत्र, स्वास्थ्य स्वयंसेविका बोर्ड, झोला, तोकिए अनूसारको औषधि र सामग्री सहितको झोला वा सानो बाकस तथा कार्यक्रम अनूसारको आवश्यक सहयोग ।

ग) निःशूल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत तोकिएका सेवाहरु ।

घ) स्थानिय सरकारले आवधिक रुपमा पोशाकको व्यवस्था गराउने छ । (संघिय सरकारबाट प्राप्त भएको खण्डमा सोहि सुबिधालाई मानिने छ ।)

ङ) स्थानीय स्तरमा स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउन सकिने सहयोगको लागी स्वास्थ्य कार्यालय तथा वडा स्तरमा स्वास्थ्य संस्था प्रमूख तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुले स्थानीय निकाय तथा सहयोगी संस्थाहरुसंग आवश्यक समन्वय गरी सहयोग पुऱ्याउन सक्नेछन् ।

च) यसरी स्थानीय पहलमा उपलब्ध गराइएको सहयोग तथा श्रोतको जानकारी गाउँपालीकामा स्वास्थ्य शाखा मार्फत गाउँपालीकाको कार्यालयमा जानकारी गराउँनु पर्ने छ ।

**<u>१४. विविध</u>**

क) यो कार्यविधि परिमार्जन या कुनै बुंदा स्पष्ट पार्ने कार्य गाउँपालीकाबाट गरिनेछ ।

ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पाउने सूविधा सम्बन्धमा बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार हुने छ ।

## अनूसुची –१

## (महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नपूर्ने आचार संहिता)

क) अन्तराष्ट्रिय स्वयंसेवकको भावना अनूरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मुल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्ने छु ।

ख) आफ्नो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समूदायमा स्वास्थ्य सेवाको प्रवर्दन गर्नेछु ।

ग) आफु सम्बद्द स्वास्थ्य आमा समुह प्रति इमान्दारी तथा जवाफदेही तथा प्रतिबद्द भई पुर्ण रुपमा कार्य गर्नेछु ।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्दन गर्नेछु ।

ङ) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरि जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रबर्दन गर्न लगाउनेछु ।

च) समुदायसंगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछु ।

छ) सेवाग्राहीको गोपनियता कायम राख्ने छु ।

ज) आर्जित ज्ञान र सिपलाई ब्यक्तिगत फाइदाको लागि प्रयोग गर्ने छैन ।

झ) समूदाय, आमा र शिशूको तथा किशोरीको उत्थानमा आफ्नो हृदय देखि नै लाग्नेछु ।

ञ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथासक्य कोशिस गर्नेछु ।

ट) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुनेछु ।

ठ) समुदाय तथा ब्यक्तिको मान्यता र संस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिनेछु ।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियानका कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु ।

ढ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्नेछु ।

ण) गाउँपालीका र अन्तर्गत संचालित कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु ।

त) कूनै पनि तलवी कार्यमा नियूक्त भएमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वतः बहिर्गमन हुनेछु ।

थ) जाती, लिङ्ग, धर्म, भाषा, र उमेर, शारिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउदछु ।

द) आधिकारीक कार्यक्रमहरु हुँदा आफ्नो राजनैतिक विश्वासवारे प्रचारप्रसार गर्ने छैन ।

## अनुसूची -२
## (महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हुनको लागि दिनुपर्ने निवेदन)

मितिः

श्री अध्यक्ष ज्यू
........................... स्वास्थ्य आमा समूह
वार्ड नं. ................
सरूमारानी गाउँपालीका प्यूठान जिल्ला

**<u>विषयः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाउँ ।</u>**

महोदय,

म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्न ईच्छूक भएकोले यो निवेदन पेश गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम मान्न मन्जूर रहेको ब्यहोरा पनि अनुरोध गर्दछु । साथै यसै निवेदन मार्फत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको आचार संहितालाई पूर्णतः पालना गर्ने प्रतिवद्दता पनि ब्यक्त गर्दछु ।

<u>निवेदिका</u>

नाम थरः

ठेगानाः

दस्तखतः

नागरिकता प्रमाणपत्र नं.

जन्म मितिः

अनुसूची -३

(स्वास्थ्य आमा समूहको निर्णय)

मिति ............................. को दिन बसेको बैठकले प्यूठान जिल्ला सरूमारानी गाउँपालिका वडा नं. .... बस्ने श्री ...................................... (नागरिकता प्रमाणपत्र नं. ........................... लाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम कार्यबिधि २०८१ मा उल्लेख गरिए बमोजिम आचार संहिता पालना गर्ने शर्तमा मिति ........................... देखि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा राख्ने/अवधि थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | आमा समुह सदस्यको नाम, थर | ठेगाना | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

**प्रमाणिकरण मितिः२०८१।०५।२९**

आज्ञाले,

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत